शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं.: 6386
दर्ता मिति: 2080/3/23

मिति: २०८३/०३/२३

श्री सूचना अधिकारी ज्यु,
शुक्लागण्डकी नगरपालिका,
तनहुँ ।

विषय: सूचना उपलब्ध गराईदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा शुक्लागण्डकी नगरपालिका वडा नं. २ स्थायी निवासी म दिपकराज तिमिल्सिनालाई आफ्नो व्यक्तिगत एवं हामी वडा नं. २ निवासीको सार्वजनिक सरोकारको लागी **शुक्लागण्डकी - २ स्थित "मनकौरी मोटरमार्ग"** सम्बन्धित निम्न लिखित विवरण तथा सूचना आवश्यक परेको हुँदा सूचनाको हक सम्बन्धी ऐन, २०६४को दफा ३, ४ र ७ बमोजिम यो निवेदन पेश गरेको छु ।

माग गरिएको सूचनाहरूको विवरण:

१) मनकौरी मोटरमार्ग निर्माण, मर्मत तथा स्तरोन्नतिका लागि शुक्लागण्डकी नगरपालिका वा वडा कार्यालयले स्थापना कालदेखि हालसम्म विभिन्न आर्थिक वर्षहरूमा विनियोजन गरेको बजेट रकम, वास्तविक भुक्तानी भएको रकमको विवरण र उक्त कार्य गर्ने संस्था (टोल विकास संस्था/उपभोक्ता समिति/निर्माण व्यवसायी) को नाम र ठेगानासहितको सम्पूर्ण विवरण ।

२) उक्त मोटरमार्गका लागि स्थापना कालदेखि हालसम्म सङ्घीय सरकार वा प्रदेश सरकारबाट अनुदान वा विशेष बजेटका रूपमा विनियोजन भई यस नगरपालिका मार्फत कार्यान्वयन भएका योजनाहरूको विवरण, विनियोजित बजेट, भुक्तानी भएको रकम र उक्त कार्य गर्ने संस्था (टोल विकास संस्था/उपभोक्ता समिति/निर्माण व्यवसायी) को नाम र ठेगानासहितको सम्पूर्ण विवरण ।

उल्लिखित सूचनाहरू मलाई सूचनाको हक सम्बन्धी ऐन, २०६४को दफा ७को उपदफा (२) ले तोकेको समयावधिभित्र उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

निवेदक,
दिपकराज तिमिल्सिना
शुक्लागण्डकी - २, तनहुँ

बोधार्थ:

श्री कार्यालय प्रमुख ज्यु, शुक्लागण्डकी नगरपालिका ।

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौँडा, तनहुँ

गण्डकी प्रदेश, नेपाल

+332F+6GG

२०७३

पत्र संख्या: २०८२/८३

चलानी नं.: ९४९१

मिति: २०८३/०३/३२

श्री दिपकराज तिमिल्सिना,
शुक्लागण्डकी नगरपालिका वडा नं. २ (मोबाइल नं ९८४२२७२५०८)

विषयः सूचना उपलब्ध गराइएको सम्बन्धमा।

प्रस्तुत विषयमा शुक्लागण्डकी नगरपालिका वडा नं २ स्थित मनकौरी मोटर मार्ग निर्माण तथा स्तरोन्नती सम्बन्धमा मिति २०८३/०३/२३ गते प्राप्त सूचनाको विवरण माग निवेदन सम्बन्धमा सम्बन्धित शाखाबाट प्राप्त विवरण सूचनाको हक सम्बन्धी ऐन,२०६४,नियमावली,२०६५ को अधिनमा रही तपसील बमोजिमको विवरण उपलब्ध गराइएको व्यहोरा अनुरोध छ।

तपसीलः

आर्थिक वर्ष	विनियोजित बजेट	भुक्तानी रकम	अध्यक्षको नाम र सम्पर्क नं	स्रोत
२०७६/०७७	८८४५२०.००	८०४०००.००	रुद्रनाथ खनाल/९८४६६१०४६५	स्था. पूर्वाधार वि. साझेदारी
२०७८/०७९	२०००००.००.	१८९१८२८.९५		शु.न.पा.
२०७९/०८०	५००००.००	४९०६१२.३१	कुमार गुरुङ/९८६९६०७२४२	शु.न.पा.
२०८१/०८२	१०४७५४.००	१०४०७७.५४		शु.न.पा.
२०८२/०८३	७७६६४.६६	७६०८१.८१		शु.न.पा.

समपुरक अनुदान (संघ/नपा)

आ.ब.	लगत इस्टिमेट	सम्झौता रकम	भुक्तानी रकम	निर्माण व्यवसायी
२०८०/०८१	१४९९९३३०.८१	९८८८०३९.८०	९७६६७३३.६०	उपमा निर्माण सेवा
२०८१/०८२	२२००१३५३.४८	१५२२५५८०.५५	१४९३०३३७.६२	मिर नेपाल कन्ट्रक्सन
२०८२/०८३	२९९२०७०७.३१	२१५८३४४७.२८	३९९२५५१.६४ निर्माणाधीन अवस्था	के.बि.एस.एन.एस.सि. जेभी

अनिल खनाल
सूचना अधिकारी

बोधार्थः
श्री राष्ट्रिय सूचना आयोग,काठमाण्डौ।

स्थानिय पूर्वाधार विकास
गण्डकी प्रदेश

आयोजना सूचना पाटी

१. आयोजनाको नाम : Construction of Shuklagandaki Municipality Kotre bazar to Dampa- Ragadi Jhuproan Mankuri road upgradation

२. निर्माण व्यवसायीको नाम: Pachamul Nirman Sewa Pvt. Ltd

३. सम्पर्क नं. :9856014994

४. ठेक्का नं. :LIDPO/PkR/W/NCB/83/081-82

५. आयोजनाको सम्झौता रकम रु : 2919424.50(without Vat)

६.आयोजना सम्झौता मिति : 2081/09/01

७. आयोजना सम्पन्न गर्नुपर्ने मिति : 2082/02/30

८. निर्माण कार्यको विवरण : Road Kalo Pattrea

Lidpo.Gandaki@gmail.com

शुक्लागण्डकी नगरपालिका

२ नं वडा कार्यालय

कोत्रे तनहुँ

२०७३ शुक्लागण्डकी नगरपालिका २ नं. वडा कार्यालय कोत्रे, तनहुँ गण्डकी प्रदेश, नेपाल

फोन नः-०६५६९१६९३
गण्डकी प्रदेशनेपाल

पत्र सख्या:-२०८१/०८२
चलानी नः- CC6

मितिः-२०८१/१२/१०

श्री स्थानीय पुर्वाधार विकास विभाग,
स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय,
पोखरा,कास्की ।

विषयः सिफारिस सम्वन्धमा ।

प्रस्तुत विषयमा तहाँ कार्यालय वाट आ.व २०८०/०८१ मा यस वडामा पर्ने मनकौरी मोटर मार्गको लागि वजेट विनियोजन भई अन्ट्राटेक कन्ट्रक्सन कम्पनी सग ठेक्का सम्झौता भई काम सम्पन भएकोमा उक्त सडक खण्डको सृजशिल टोल विकास अन्तर्गत तार्कुडाडा खण्डमा करिव १५० मिटर जती वाटो गुणस्तर कम भई वाटो विग्रिएकोले हुनाले उक्त वाटो मर्मतको लागि अल्ट्राटेक कन्ट्रक्सनलाई अनुरोध गरिदिनुहुनको लागि सृजनशिल टोल विकास सस्थाको माग निवेदन अनुसार नियमानुसार उक्त वाटो मर्मतको लागि प्रकृया अगाडी वढाइदिनुहुनको लागि सिफारिस साथ अनुरोध छ ।

सुमन वहादुर राना मगर
वडा अध्यक्ष

सुमन बहादुर राना मगर
वडा अध्यक्ष

फोन नं: ९८५६०८१००२(वडा) ,०६५-४१४१३०५(नगरपालिका), फ्याक्स: ०६५-४१४०१८
इमेल: ward2shukla@gmail.com वेबसाईट: www.shuklagandakimun.gov.np

शुक्लागण्डकी नगरपालिका

२ नं वडा कार्यालय

कोत्रे तनहुँ

२०७३

शुक्लागण्डकी नगरपालिका
२ नं. वडा कार्यालय
कोत्रे, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

फोन नः-०६५६९१६९३
गण्डकी प्रदेश नेपाल

पत्र संख्याः २०८२/०८३
चलानी नं : ८८२

मितिः-२०८२/१२/२२

स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, पोखरा
दर्ता नं.....७५८.....
दर्ता मिति...२०८२।१२।२२

श्री स्थानीय पूर्वाधार विकास विभाग,
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय,
पोखरा, कास्की ।

विषय : सिफारिस सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँको कार्यालयबाट यस वडामा पर्ने मनकौरी मोटर मार्गको लागि आ.व.२०८०।८१ मा बजेट विनियोजन भई अन्ट्राटेक कन्सट्रक्सन कम्पनीसँग ठेक्का सम्झौता भई कार्य सम्पन्न भएकोमा उक्त सडक खण्डको सृजनशील टोल विकास अन्तर्गत तार्कुडाँडा खण्डमा करिव १५० मि बाटो गुणस्तर कम भई बिग्रिएको हुँदा बाटो मर्मतको लागि प्रक्रिया अगाडी बढाइदिनुहुन च.नं.८८७, मिति २०८१।१२।१०गतेको पत्रबाट अनुरोध समेत गरिएकोमा हालसम्म कुनै सुनुवाई नभई बाटो झनझन विग्रिदै गएकोले यथाशिघ्र बाटो मर्मतको व्यवस्था मिलाइदिनुहुन सिफारिस साथ अनुरोध छ ।

सुमन बहादुर राना मगर
वडा अध्यक्ष

सुमन बहादुर राना मगर
वडा अध्यक्ष

ई. निरज जी
contractor लाई ३ दिने सुचना either काम गर्नु or धरौटीबाट गराइने भन्ने व्योहराको पत्र जारी गर्ने।

फोन नं:९८५६०८१००२(वडा) ,०६५-४१४१३०५(नगरपालिका), फ्याक्सः ०६५-४१४०१८
इमेलः ward2shukla@gmail.com वेवसाईटः www.shuklagandakimun.gov.np

१२।१२







